# श्री विशेष अदालत काठमडौंबाट जारी भएको दशीको जिन्सी सामान फिर्ता बुझिलिन आउने बारे १५ (पन्ध्र) दिने जरुरी म्याद सूचना

वादी नेपाल सरकार प्रतिवादी काठमाडौं जिल्ला घर भै मकवानपुर जिल्ला, हेटौडा न.पा.वडा नं.५ डेरा गरी वस्ने भगवती कार्की समेत भएको (२०६८ सालको स.फौ.नं.९३-०६७-०००९५ को) लागु औषध (गाँजा) मुद्दामा प्रतिवादीहरु भगवती कार्की र मनोहर विक्रम कुँवरको संयुक्त नाममा दर्ता रहेको ना.१ च ६६४९ नं. को सेतो मारुती भ्यान दशीको रुपमा यस अदालतमा आम्दानी वाधीएकोमा मिति २०६८।०३।२७ को यस अदालतको अन्तिम फैसला वमोजिम निज प्रतिवादीहरु भगवती कार्की र मनोहर विक्रम कुवँरले सफाई पाउने तथा उक्त सवारी साधन फिर्ता वुझि लैजान पाउने ठहरी फैसला भएको हुँदा उक्त मुद्दा अन्तिम भै हालसम्म पनि उक्त सवारी साधन तपाईहरुले फिर्ता वुझि नलगेको हुँदा फैसलामा उल्लेखित घर ठेगानामा म्याद तामेल गर्न पठाईएकोमा मिति २०७५।०२।३१ मा वेपत्ते तामेल भै आएकोले राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो हकपुग्ने प्रमाण सहित यथाशिघ्र उक्त दशीको सवारी साधन फिर्ता बुझीलिन यस अदालतमा हाँजिर हुन आउनुहोला उक्त म्याद सूचना भित्र दशीको सामान फिर्ता बुझि नलगेमा कानून बमोजिम लिलाम गरी रकम धरौटीमा आम्दानी बाँधिने र धरौटीमा आम्दानी बाँधिएको रकम समेत १ (एक) वर्ष भित्र बुझि लिन नआए राजस्वमा दाखिला भई जाने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।